

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क २२४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ भदौ ९ गते आइतबार ❑ 25 Aug 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## 'परम्परागत उत्पादनलाई प्रवर्द्धन गरिने'

**पोखरापत्र संवाददाता**
पोखरा, ८ भदौं

स्थानीय रूपमा उत्पादित तरकारी तथा खाद्यवस्तु बिक्रीका लागि पोखराको चिप्लेढुङ्गामा सञ्चालनमा ल्याइएको 'रैथाने बजार'को शुभारम्भ गरिएको छ।

पोखरा महानगरपालिका र श्री कम्प्लेक्स प्रालिको साझेदारमा सञ्चालित उक्त रैथाने बजारको आज पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले एक कार्यक्रमका बीच शुभारम्भ गर्नुभएको हो।

कास्की तथा वरपरका जिल्लामा उत्पादित रैथाने बाली एवं अर्ग्यानिक वस्तुहरू सुपथ मूल्यमा उक्त स्थानबाट बिक्री गरिने जानकारी दिँदै स्थानीयस्तरमा उत्पादित कृषि उपज बिक्रीका लागि हाल आठवटा सटर छुट्याइएको नगरप्रमुख आचार्यले बताउनुभयो। बजारको उद्घाटन गर्दै उहाँले रैथाने (परम्परागत) बालीको प्रवर्द्धन र मानव स्वास्थ्यलाई ध्यान दिँदै यस्तो बजारको अवधारणा ल्याइएको



उल्लेख गर्नुभयो। रैथाने बाली लोप हुने अवस्थामा रहेकाले यसको प्रवर्द्धनका साथै यस्ता बाली उत्पादनतर्फ किसानलाई आकर्षण गर्न बिक्री केन्द्र स्थापना गरिएको नगरप्रमुख आचार्यले बताउनुभयो। अन्य वस्तुभन्दा केही महँगो भए पनि यस्ता वस्तुले मानव स्वास्थ्यमा असर नगर्ने उहाँको भनाइ छ। "पोखरा तथा कास्कीका गाउँपालिकामा उत्पादित रैथाने बालीलाई 'ब्राण्डिङ' गरी विदेशसम्म बजारीकरण गर्नसक्यौँ भने अर्थतन्त्रमा पनि सुधार आउने छ", प्रमुख आचार्यले भन्नुभयो। युवालाई विदेश पलायनबाट रोक्न कृषिमा अनुदान दिने योजनामा नगर रहेको भन्दै यसले युवालाई कृषिकर्मतर्फ आकर्षण गर्ने उहाँले बताउनुभयो। कास्कीको रुपा गाउँपालिकाको ढोडबैंसी र मालेपाटनमा उत्पादित उखुको खुदो र कास्कीका फाँटमा उत्पादित जेढो बुढोको चामल ब्राण्डिङ गरेर बिक्री सुरु गरिएको छ।

त्यस्तै अनदीको चामल, मह, मकै, कोदो, भट्ट, केराउ, फलफूल तथा तरकारीका साथै ब्राण्डिङ गरिएको कोदोको रक्सीसमेत बिक्रीका लागि राखिएको छ। कृषि तथा भूमि व्यवस्था मन्त्रालय गण्डकीका उपसचिव नीलकण्ठ पोखरेलले किसानको उत्पादन सिधैं उपभोक्ताले खरिद गर्न पाउने भएकाले सुपथ र स्वस्थ्य खाद्यवस्तु प्रयोग गर्न पाउने बताउनुभयो। यस्ता बजार केन्द्रहरू पोखराका अन्य वडामा पनि राख्नुपर्नेमा उहाँको जोड थियो। पोखरा महानगरपालिका कृषि महाशाखा प्रमुख मनहर कडरियाले आफ्नो स्वास्थ्यप्रति ख्याल राख्ने मानिसले महँगो मूल्य तिरेर भए पनि रैथाने र अर्ग्यानिक खाद्यवस्तु खोज्ने हुँदा यस्ता बजार आज सबैलाई आवश्यक पर्ने बताउनुभयो। विषादीयुक्त तरकारी तथा फलफूल खाँदा मानिसलाई विभिन्न रोग लाग्ने भएकाले अर्ग्यानिक तरकारी उपभोग गर्न उहाँले उपभोक्तालाई आग्रह गर्नुभयो।

पोखरा महानगरपालिका-८ का अध्यक्ष रुद्रनाथ बरालको अध्यक्षतामा भएको कार्यक्रममा लेखनाथ उद्योग वाणिज्य सङ्घका अध्यक्ष विनोद श्रेष्ठ, हस्तकला सङ्घका उपाध्यक्ष सीता गुरुङलगायतले रैथाने बालीको महत्वका बारेमा प्रकाश पार्नुभएको थियो।



ताया मचाः नृत्य प्रतियोगिता ः
नेवाः खलः कास्कीको आह्वान र नयाँबजार सांस्कृतिक समितिको आयोजनामा शनिबार पोखरामा भएको ताया मचाः नृत्य प्रतियोगितामा सहभागी कलाकारहरु। तस्बिरः पोखरापत्र

## व्यवसायमा गुणस्तरका लागि स्वच्छ प्रतिष्पर्धा हुनुपर्छ : अधिकारी

**पोखरापत्र संवाददाता**
पोखरा, ८ भदौं

नेकपा एमालेका स्थायी कमिटी सदस्य तथा गण्डकी प्रदेशका पूर्वमुख्यमन्त्री खगराज अधिकारीले व्यवसायमा गुणस्तरका लागि स्वच्छ प्रतिष्पर्धा हुनुपर्ने बताएका छन्।



शनिबार पोखरामा फर्निचर तथा फर्निसिङ व्यवसायी सङ्घ कास्कीले आयोजना गरेको वार्षिक साधारण सभा एवम् १२ औं अधिवेशनको उद्घाटन गर्दै उनले व्यवसायमा अस्वस्थ प्रतिष्पर्धा भने गर्न नहुनेमा सचेत गराए। 'व्यवसायमा गुणस्तरका लागि स्वच्छ प्रतिष्पर्धा हुनुपर्छ, अस्वस्थ प्रतिष्पर्धा गर्नुहुँदैन' उनले भने। स्वदेशी उत्पादनको उपयोगमा जोड दिएका उनले त्यसको प्रयोग गर्नको लागि ऐन नियमावली मार्फत परेका समस्या फुकाउन सहजीकरण गर्ने प्रतिवद्धता जनाए। 'हाम्रो उत्पादन हामी उपयोग गरौं र हामीले वन ऐन नियमावली संशोधन गर्नुपर्ने विषयहरूलाई राम्रोसँग हामीलाई प्रष्ट पार्नुहोस्' उनले आग्रह गरे। धराशायी हुँदै गरेको व्यवसायको क्षेत्रमा नयाँ सरकारको गठन पश्चात सुधारका केही सङ्केत देखिन थालेको उनको दावी थियो।

नेप्सेमा भएको वृद्धि त्यसको एउटा उदाहरण भएको बताएका उनले निष्कृय पैसालाई सक्रिय बनाउनुपर्ने बताए। फर्निचर तथा फर्निसिङमा आत्मनिर्भर बनाउनको लागि उनले व्यवसायीसँग आग्रह गरे।

## युवा सकारात्मक भएर अगाडि बढ्नुपर्नेमा जोड

**पोखरापत्र संवाददाता**
तनहुँ, ८ भदौं

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले देश बनाउने जिम्मेवारी युवाको भएको भन्दै युवाहरू सकारात्मक भएर अगाडि बढ्नुपर्नेमा जोड दिनुभएको छ।

जेसीआई व्यास नगरको आयोजनामा शनिबार दमौलीमा आयोजित व्यास नगर साइनिङ स्टारको फाइनल कार्यक्रममा उहाँले देश बनाउने जिम्मेवारी युवाको भएकाले देशमा केही भएन भन्नुभन्दा पनि सकारात्मक सोचसहित मेहनत गर्नुपर्ने



बताउनुभयो। देशमा केही भएन र केही हुँदैन भन्ने गलत भाष्य निर्माण गर्न खोजिएको भन्दै मुख्यमन्त्री पाण्डेले भन्नुभयो, "देशमा केही हुँदैन भनेर विदेश मात्र ताक्ने हो भने मुलुकको भविष्य नकारात्मकतातर्फ जान्छ। सकारात्मक सोचका साथ देश बनाउन युवा अगाडि आउनुपर्छ।" युवा देश विकासको संवाहक भएको चर्चा गर्दै उहाँले युवाले चाहेमा पूर्वाधार निर्माण, विकाससँगै समृद्ध मुलुक सम्भव रहेको उल्लेख गर्नुभयो।

उहाँले भन्नुभयो, "देशमा प्रशस्त सम्भावना र अवसर छन्। त्यसको सदुपयोग गर्नुपर्छ।" युवाहरूलाई जागरण गर्न र सक्रिय बनाउन जेसीआई स्थापित भएको भन्दै मुख्यमन्त्री पाण्डेले यसले सोहीअनुसार काम गरिरहेको बताउनुभयो। "युवाहरूमा नैराश्यता नकारात्मक सोचका कारण बढेर गएको छ", उहाँले भन्नुभयो, "पछिल्लो समय नेपालमा केही पनि गर्न सकिँदैन भन्ने युवाको भावना छ। त्यो सोचलाई सकारात्मकतर्फ लैजानुपर्छ। युवामा उत्साह र प्रेरणा दिने सन्दर्भमा जेसीआईको महत्त्वपूर्ण भूमिका छ।" गण्डकी प्रदेशसभा सदस्य अशोककुमार श्रेष्ठले युवामा व्यक्तित्व र नेतृत्व विकासमा जेसीआईले सहयोग गरिरहेको बताउनुभयो।

व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपाने र म्याग्दे गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले बालबालिकामा

बाँकी अन्तिम पृष्ठमा ▶▶

## तनहुँ दुर्घटनाका मृतकको शव भारत पठाइयो

**रासस**
काठमाडौं, ८ भदौं

तनहुँको ऐनापहरामा बस दुर्घटनामा परेर मृत्यु भएकाहरूको शव भारत पठाइएको छ। भरतपुर अस्पतालमा शव परीक्षण सकेपछि भारतीय एयरफोर्सको जहाजबाट शनिबार अपराह्न भरतपुर विमानस्थलबाट ती शव भारत पठाइएको हो। मृतक २७ मध्ये २५ जनाको शव

बाँकी अन्तिम पृष्ठमा ▶▶


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१


## गण्डकी सम्मानबाट खेलाडीसहित अन्यलाई सम्मान गर्ने तयारी

**पोखरापत्र संवाददाता**
पोखरा, ८ भदौं

खेलकुद क्षेत्रमा कम बजेट विनियोजन हुँदा नेपाली खेलकुदले अपेक्षाकृत विकास गर्न नसकेको शनिबार पोखरामा आयोजित एक कार्यक्रमका वक्ताहरुले बताउनु भएको हो।

कास्की जिल्ला क्रिकेट संघ कास्कीको पाचौं साधारण सभाको उद्घाटन समारोहमा बोल्दै वक्ताहरुले खेल क्षेत्रमा कम बजेट विनियोजन भएकै कारण चाहेर पनि नेपाली खेलकुदले विकास गर्न नसकेको दाबी गर्नु भएको हो। उक्त कार्यक्रमको शनिबार पोखरामा उद्घाटन गर्दै प्रदेश खेलकुद परिषद गण्डकीका सदस्य सचिव श्रीधर शर्माले ८ वटा विधामा गण्डकी पदक प्रदान गर्ने तयारी गरेको बताउनु भयो। त्यसका लागि



आफुहरुले कार्यविधि बनाउने अन्तिम चरणमा रहेको उहाँले जनाउनु भयो। यस विधामा खेलाडी, प्रशिक्षक, खेल संघ संस्था तथा पत्रकार समेत समेटिने सदस्य सचिव शर्माले उल्लेख गर्नु भयो। खेलकुदमा संघियता आए पनि यसको कार्वान्वयन गर्न नसकिएको उहाँले गुनासो गर्नुभयो। खेलकुदमा आचरणमा सुधार गर्नुपर्ने, नीति, कानूनले संचालन गर्नु पर्ने शर्माको भनाई छ। पदमा रहदा ख्याल नगर्ने सुधारका काम नगर्ने तर पद छाडे पछि गाली गर्नुको अर्थ नहुने उहाँको भनाई थियो।

बक्सिङका अन्तरास्ट्रिय खेलाडी गणेशबहादुर भट्टराईले स्थानीयरूपमा खेलकुदले पोखरामा गति लिएको बताउदै राज्यलाई लगानी गर्न सुझाव दिनु भयो। पोखरामा खेल पर्यटनको सम्भावना रहेको उहाँले बताउनु भयो। क्यानका पूर्व उपाध्यक्ष दीपक कोईरालाले खेलकुदमा बजेटको संरचनामा परिवर्तन गर्न नसकेसम्म खेलकुदको बिकास नहुने ठोकुवा गर्नु भयो। बजेटमा ब्रेक थ्रु गरेर खेलकुदको विकास हुने उहाँको भनाई थियो।

संघ कास्कीका अध्यक्ष संजयकान्त सिग्देलले क्यानले ५ लाख पोखरा रंगशालाको क्रिकेट मैदान मर्मत संहार गर्न सहयोग गर्ने भएको बताउनु भयो। उक्त अवसरमा संस्थाले संस्थापक अध्यक्ष डा.बिरेन्द्रसिह गुरूङ सहितका अन्य पदाधिकारी सहितका सदस्यलाई सम्मान गरेको छ। अध्यक्ष सिग्देलको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा संघ कास्कीका पूर्व अध्यक्ष देवेन्सन प्रजु, सस्थापक सदस्य ऋषिराम सापकोटा लगायतले वोलेको सचिव भोजराज बरालले जनाउनुभयो।

# पशुपालनमा आत्म निर्भर हुने प्रयास:कृत्रिम गर्भाधानका लागि वीर्य सङ्कलन

**पोखरापत्र संवाददाता**
पोखरा, ८ भदौं

भैंसीमा पहिलोपटक उन्नत जातको नश्ल सुधारका लागि भारतबाट ल्याइएका मुर्रा राँगाबाट वीर्य सङ्कलन गरी वितरण सुरु भएको छ।

पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल(प्रचण्ड)को भारत भ्रमणका क्रममा भारतले नेपाललाई उपहार स्वरुप प्रदान गरेको राँगामध्ये सात पोखरास्थित राष्ट्रिय पशु प्रजनन कार्यालयमा ल्याइएको थियो।

यहाँ रहेकामध्ये एक वटाबाट वीर्य सङ्कलन गरेर कृत्रिम गर्भाधानका लागि वितरण गरिएको उक्त कार्यालयका प्रमुख पशु विकास अधिकृत डा जगदिश पाण्डेले जानकारी दिनुभयो । बाँकी राँगाबाट वीर्य सङ्कलनका लागि सिकाइएको चरणमा रहेको अबको दुइदेखि तीन महिनामा सबैबाट सङ्कलन हुने उहाँले बताउनुभयो । प्रमुख पशु विकास अधिकृत पाण्डेले भन्नुभयो, "क्वारेन्टिन, उमेर, सिकाइलगायत सबै प्रक्रिया पूरा गरेर मात्र सिमेन सङ्कलन र गुणस्तर परीक्षणपछि मात्र वितरणको काम हुन्छ। अहिले एउटाबाट सङ्कलन भएको तीनदेखि पाँच हजार डोज वितरण गरेका छौं । बाँकी राँगा ट्रेनिङमा नै छन् ।" कार्यालयका अनुसार वर्षमा एउटा राँगाबाट २० हजारदेखी ३० हजार डोज सिमेन उत्पादन हुनेछ । हप्तामा सोमबार र बिहीबार वीर्य सङ्कलन हुँदै आएको छ । एक हप्तामा एउटाबाट चार सय डोज जति सङ्कलन हुने कार्यालयका सूचना अधिकारी एवं वरिष्ठ पशु विकास अधिकृत भरतराज गौतमले बताउनुभयो।

"हामीले यहाँ ल्याएर सुरुमा २१ दिन क्वारेन्टिमा राख्यौं । कतिपयको उमेर पुग्न बाँकी थियो। उमेर पुगेपछि बल्ल सङ्कलन गर्छौं ।" उहाँले भन्नुभयो, "सङ्कलन गर्ने वित्तिकै वितरण गर्न हुँदैन, गुणस्तर परीक्षण गरेर ठीक छ भनेपछि मात्र कृत्रिम गर्भाधानकर्तामार्फत भैंसीको नश्ल सुधार गरिन्छ।" कार्यालयले सङ्कलित वीर्य आफ्नो वितरण रुटमार्फत जिल्लास्थित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, स्थानीय पालिका र कृत्रिम गर्भाधानकर्तामार्फत कृषकलाई उपलव्ध गराउँदै आएको छ।

राष्ट्रिय पशु प्रजनन् कार्यालय पोखराको कार्यक्षेत्र रहेका बागमती, गण्डकी र लुम्बिनी प्रदेशका ३१ जिल्लामा कृत्रिम गर्भाधानका लागि कृषकलाई वितरण गरिने वरिष्ठ पशु विकास अधिकृत डा गौतमले बताउनुभयो । कृषि तथा पशुपंक्षीको क्षेत्रमा दुई देशबीचको सहकार्य अनुरुप नेपालको अनुरोधमा भारतले राँगा उपलव्ध गराएको थियो । भैंसीमा पहिलोपटक उन्नत जातको नश्ल सुधारका लागि भारतबाट १५ राँगा ल्याइएको थियो । पशु चिकित्सकका अनुसार उच्च नश्लका मुर्रा भैंसीहरूले रैथाने भैंसीभन्दा दोब्बर परिमाणमा दूध दिन्छन्। सरकारले यहाँको भैंसीमा नश्ल सुधार गर्न भारतबाट राँगा ल्याएको हो।

नेपाल ल्याइएका मुर्रामध्ये सात वटा पोखरा, पाँच वटा लहान र तीन नेपालगञ्जमा राखिएको छ।

# लोक संस्कृति नेपाली समाजको सम्पति हो–सांसद तिवारी

**पोखरापत्र संवाददाता**
स्याङ्जा, ८ भदौं



राष्ट्रिय लोक तथा दोहोरीगीत प्रतिष्ठान नेपाल जिल्ला कार्य समिति स्याङ्जाले २३ औं वार्षिक साधारणसभा सम्पन्न गरेको छ। प्रतिष्ठानले सम्मान तथा विविध सांस्कृतिक कार्यक्रमसहित आफ्नो २३ औं वार्षिक साधारणसभा शनिबार वालिङमा सम्पन्न गरेको हो।

कार्यक्रमको उद्घाटन गर्दै गण्डकी प्रदेश सांसद कल्पना तिवारीले लोक दोहोरीले नेपाली समाजको सम्पति भएको बताइन्। यसलाई जीवन्तता दिन सरकारले चासो दिनुपर्ने धारणा सांसद तिवारीको थियो । लोक कलामा हाम्रो जीवन बोलेको हुन्छ सांसद तिवारीले भनिन्,'हरेक नागरिकको मनमा लोकगीत संगित अझै विद्यमान रहेको छ ।' यस्ता कार्यक्रमहरु नव प्रतिभाहरुका लागि राम्रो अवसर भएकाले सोही अनुसार हामीले उपयोग गर्दै जानुपर्छ सांसद तिवारीले भनिन्।

राज्य भनेको अभिभावक हो सांसद तिवारीले भनिन्,'राज्यमा हामी फूल्न र खुल्न पाउनुपर्छ ।' लोक संस्कृतिलाई जोगाउने र बचाउने दायीत्व हाम्रो काँधमा आएको छ उनले भनिन्। महिलाहरुका लागि पहिला गायन क्षेत्रमा निकै समस्या र चुनौति रहेको उल्लेख गर्दै सांसद तिवारीले देशमा लोकतन्त्र आएपछि केही सहज हुँदै आएको बताइन्। अझै पनि समाजमा महिलाहरु खुल्न नसकेको उल्लेख गर्दै तिवारीले सामाजिक संघ संस्थाकासाथै यस्ता कार्यक्रमहरुमा सहभागी भएर अगाडि बढ्न आग्रह गरीन्। हाम्रो घर आँगनमा आइरहेको तीज पर्वलाई सुसंस्कृत र मर्यादितरुपमा मनाउनुपर्नेमा उनले जोड दिए । तीजले नारीहरुको सुख दुःखको भोगाई बोल्ने सामाजिक परम्परालाई आत्मसाथ गर्दै मनाउनुपर्ने भन्दै गण्डकी प्रदेश सांसद तिवारीले भड्किलो होइन, आफ्नो परम्परागत मर्यादा कायम हुनेगरी मनाउन अनुरोध गरीन्।

"हाम्रो अभियान लोक संस्कृतिको संरक्षण, स्रष्टाको सम्मान, नव प्रतिभाको प्रोत्साहन" भन्ने मूल नारासहित प्रतिष्ठानको २३ औं वार्षिक साधारणसभा कार्यक्रममा गायनसँगै आकर्षक नृत्य प्रस्तुत गरिएको थियो। प्रतिष्ठानको केन्द्रीय समितिको निर्णय अनुसार भदौ ८ गते एकैदिन देशभरका जिल्ला कार्य समिति र सो सरहका समितिहरुको वार्षिक साधारणसभा गर्ने कार्यक्रम अनुसार स्याङ्जाले पनि आफ्नो २३ औं वार्षिक साधारणसभा सम्पन्न गरेको हो।

# पोखरा स्टिल फेब्रिकेटर्स एसोसिएसनको २४ औँ वार्षिक साधारण सभा

**पोखरापत्र संवाददाता**
पोखरा, ८ भदौं



पोखरा स्टिल फेब्रिकेटर्स एसोसिएसन कास्कीको २४ औं वार्षिक साधारण सभा तथा रजत जयन्ती स्मारिका विमोचन समारोह शनिबार पोखरामा सम्पन्न भयो।

कार्यक्रमका प्रमुख अथिति एवम् ग्रिल तथा स्टिल व्यवसायी महासंघ नेपालका अध्यक्ष ठुलोबाबु श्रेष्ठले ग्रिल तथा स्टिल व्यवसायको इतिहासको चर्चा गर्दै ११ हजारभन्दा बढी व्यवसायीले भोग्नु परेको साझा समस्या र सास्तीलाई सम्बोधन गर्न महासंघ प्रतिबद्ध भएको जनाए । श्रेष्ठले राज्यको नीतिकै कारण व्यवसायी पलायन हुँदा अब व्यवसाय दोस्रो पुस्तामा हस्तान्तरण गर्न कठिनाइ भएको बताए । २४ औं वार्षिक साधारण सभा तथा रजत जयन्ती स्मारिका विमोचन समारोहमा ग्रिल तथा स्टिल व्यवसायी महासंघका महासचिव विवेकदास श्रेष्ठ, उपाध्यक्ष तथा महिला समिति अध्यक्ष विष्णुमाया उचही थापा, ग्रिल तथा स्टिल संघ काठमाडौँका अध्यक्ष सुनिलकुमार अमात्य, पूर्व उपाध्यक्ष एवम् सल्लाहकार रनबहादुर विश्वकर्मा, पोखरा उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष गोकर्ण कार्की, इलेक्ट्रिक्स एसोसिएसनका अध्यक्ष नारायण सुवेदी, ई. किसानसिंह गुरुङ, ई. रमेश बास्तोला, ई.नारायण बास्तोला, ई. विश्वप्रसादा कर्माचार्य लगायतका वक्ताले उद्योगी व्यवसायीले भेलेका कठिनाइ र समस्यालाई यथाशीघ्र सम्बोधन गर्न एसोसिएसनले पहल गर्नुपर्ने धारणा राखेका थिए। उनीहरूले रजत वर्ष पूरा गरेको अवसरमा शुभकामना दिँदै संस्थाको उत्तरोत्तर प्रगतिको कामना गरेका थिए । कार्यक्रममा संस्था स्थापनाको २५ औं वर्षको सन्दर्भमा प्रकाशित रजत जयन्ती स्मारिका-२०८१ विमोचन गरिएको छ।

स्मारिकाको संयोजन र सम्पादन ई. विश्वप्रसाद कर्माचार्यले गरेका थिए । एसोसिएसनमा आबद्ध सदस्यका सन्तान आकृति बराल, होम राना र रोजिना गिरीलाई २०८१ सालको कक्षा १२ को परीक्षामा उत्कृष्ट अङ्कसहित उत्तीर्ण गरेकोमा सम्मान गरिएको थियो । एसोसिएसनले नारायण वास्तोला, अशोक गुरुङ र ईश्वरीप्रसाद बास्तोलालाई मानार्थ सदस्य प्रदान गरेको छ।

साधारण सभाको बन्द सत्रमा महासचिव भीमप्रसाद आचार्यद्वारा प्रस्तुत संस्थाको वार्षिक प्रगति प्रतिवेदन, कोषाध्यक्ष शिव गिरीको कोषाध्यक्षको प्रतिवेदन र बि.पि. बराल एण्ड एसोसिएट्सद्वारा तयार गरिएको आ.व. २०८०/२०८१ को लेखा परीक्षण प्रतिवेदन साधारण सभाले अनुमोदन गरेको छ।

एसोसिएसनका अध्यक्ष वासुदेव पौडेलको सभापतित्वमा सम्पन्न कार्यक्रममा वरिष्ठ उपाध्यक्ष वसन्त रेग्मीले स्वागत मन्तव्य राखेका थिए भने महासचिव भीमप्रसाद आचार्यले कार्यक्रम सञ्चालन गरेका थिए।

# सेभेन ए साइड फुटबलमा कस्केरी च्याम्पियन

**पोखरापत्र संवाददाता**
पोखरा, ८ भदौं



पोखराको पुरानो टुडिखेलमा सम्पन्न एमसी एण्ड वामे प्रिजेन्ट्स सेभेन ए साइड फुटबल प्रतियोगितामा कस्केरी १ च्याम्पियन बनेको छ।

आयोजक कमिटीका प्रतिनिधि आकाश थपलियाका अनुसार कस्केरी, एट टु नाइन, क्लब डि र सनराइज एफसी अन्तिम चारमा प्रवेश गरेका हुन्।

पोखरा १ पुरानो टुंडिखेलमा शनिबार भएको फाइनल खेलमा एट टु नाइन एफसीलाई १-० गोल अन्तरले पराजित गदै कस्केरी च्याम्पियन बनेको हो।

कस्केरीका युडी पुनले निर्णायक गोल गरे । च्याम्पियन बनेको कस्केरीले नगद रु १ लाख, शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गयो । भने, उपविजेता बनेको एट टु नाइन एफसीलाई नगद रु ५० हजार, शिल्ड, मेडल तथा प्रमाणपत्र प्रदान गरिएको आयोजक कमिटीका प्रतिनिधि आकाश थपलियाले जानकारी दिए । उनका अनुसार सो प्रतियोगिताबाट सिआर गुरुङ सर्वोत्कृष्ट खेलाडीका रुपमा नगद रु ३ हजारसहित पुरस्कृत भए।

यस्तै उदीयमान खेलाडीका रुपमा अभिषेक गुरुङ, उत्कृष्ट गोलरक्षकका रुपमा दिप कार्की र सर्वाधिक गोलकर्ताका रुपमा अनुज भण्डारी घोषित हुँदैं जनही २ हजारसहित पुरस्कृत भए। कुल ६१ टिमको सहभागिता रहेको सो प्रतियोगिता गत १ गतेदेखि चलेको थियो । विजेता तथा उपविजेता टोलीका खेलाडीहरुलाई वडा प्रहरी बगरका प्रहरी प्रमुख बोधराज रेग्मी,पुरस्कारदाताहरु लगायतले पुरस्कार प्रदान गरेका थिए।

## युवा ...

रहेका प्रतिभा प्रस्फुटनका लागि साइनिङ स्टारले सघाउँदै आएको बताउनुभयो। जेसीआईका राष्ट्रिय अध्यक्ष रविन पोखेलले समाजमा सकारात्मक सन्देश दिँदै युवालाई उत्प्रेरणा दिने काममा जेसीआई सफल भएको बताउनुभयो । साइनिङ स्टारको फाइनलमा २० जना बालबालिका प्रतिस्पर्धी छन् । एक महिनासम्म विविध प्रशिक्षणपश्चात् फाइनलमा सहभागी बालबालिकामध्येबाट विजयी घोषणा गरिने जेसीआई व्यास नगरका अध्यक्ष नवीन पुरीले जानकारी दिनुभयो।

## तनहुँ ...

जहाजबाट पठाइएको चितवनका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले जानकारी दिनुभयो। उहाँका अनुसार बसका चालक र सहचालकको शव भने स्थलमार्गबाट गोरखपुरतर्फ पठाइएको छ।

मृतकको शव लिन भारतकी युवा तथा खेलकुद राज्यमन्त्री रक्षानिखिल खड्से भरतपुर आउनुभएको थियो।

मृतक यात्रुका शव शुक्रबार राति आँबुखैरेनीबाट भरतपुर ल्याइएको प्रजिअ यादवले बताउनुभयो । उहाँका अनुसार पशुपतिनाथ दर्शन गर्न जाँदै गरेको भारतीय पर्यटक बोकेको बस शुक्रबार बिहान तनहुँको आबुखैरेनी नजिकै सडकबाट मर्स्याङ्दी नदीमा खस्दा २७ पर्यटकको मृत्यु भएको हो। मृतकमध्ये १५ महिला, ११ पुरुष र एकजना चार वर्षीया बालिका रहेकी छन्। घाइते हुनेमा छ पुरुष र १० महिला छन्।

प्रहरीका अनुसार बसमा ४३ जना सवार थिए । घाइतेहरूको काठमाडौँमा उपचार भइरहेको छ । मृतक र घाइते भारतको महाराष्ट्रको जलगाउँ जिल्लास्थित भुसावल गाउँका रहेका प्रजिअ यादवले जानकारी दिनुभयो । पोखराबाट काठमाडौँ जाँदै गरेको युपी ५३ एसटी ७६२३ नम्बरको बस आँबुखैरेनी नजिकैबाट मर्स्याङ्दीमा खसेको थियो । दुर्घटनालगत्तै नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र स्थानीयले उद्धार गरेका थिए।

नेपाली कांग्रेस चितवनका सभापति राजेश्वर खनालले भारत सरकारका राज्यमन्त्री खड्सेलाई भरतपुर विमानस्थलमा भेटी सो घटनाप्रति दु:ख व्यक्त गर्नुभएको थियो।


## डेंगीका लक्षणहरू

◆उच्च ज्वरो आउनु,
◆जोर्नी र मांशपेशीहरूमा असह्य पीडा हुनु,
◆आँखाको गेडी दुख्नु,
◆अत्याधिक टाउको दुख्नु,
◆शरीरमा राता बिमिराहरू आउनु,
◆वाकवाकी लाग्नु वा वान्ता हुनु।

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।


नेपाल सरकार
विज्ञापन बोर्ड

## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# ध्यानै नदिएको सडक सुरक्षा

भारतीय पर्यटक सवार बस पृथ्वी राजमार्गबाट मर्स्याङ्दी नदीमा खस्दा २७ जनाको मृत्यु भएको छ। घाइते १६ जनालाई नेपाली सेनाको हेलिकोप्टरमार्फत काठमाडौंस्थित त्रिवि शिक्षण अस्पताल लगेर उपचार गरिएको छ। पोखराबाट काठमाडौंका लागि छुटेको भारतीय कम्पनी केसरवानी परिवहन ट्राभल्सको युपी एफटी ७६२३ नम्बरको बस शुक्रबार दिउँसो तनहुँको आँबुखैरेनी गाउँपालिका- २ ऐनापहरास्थित सडकबाट डेढ सय मिटर तल मर्स्याङ्दी नदीमा खसेको थियो। तनहुँ ट्राफिक प्रहरीका अनुसार १५ महिला र ११ पुरुष गरी २६ जनाको घटनास्थल र आँबुखैरेनी अस्पताल तथा एकजनाको उपचारका क्रममा भरतपुरमा मृत्यु भएको हो। २६ मध्ये एउटा शव नदीले बगाएर तीन किलोमिटर पर ठुलादीमा पुऱ्याएका वेला फेला परेको थियो। नेपाली सेनाको हेलिकोप्टरमार्फत घाइतेको उद्धार गरिएको हो।

चितवन प्रहरीका डिएसपी भेषराज रिजालका अनुसार अचानक बसमाथि ढुंगा खसेपछि चालक आत्तिँदा बस अनियन्त्रित भएर पल्टिएको हो। ५ भदौमा काठमाडौंबाट नारायणगढतर्फ आइरहेको बा.प्र ०१-००६ ख ६४१४ नम्बरको माइक्रोबसमा भरतपुर महानगरपालिका-२, सत्रकिलोमा ढुंगा खसेर दुईजना घाइते भएका थिए। त्यसअघि ४ भदौमा सोही सडकको ३ नम्बर पुलमा गुडिरहेको बागमती प्रदेशको बिएडी ८३२२ नम्बरको कारमाथि ढुंगा खसेको थियो। सत्रकिलोमै असार अन्तिम साता रुपन्देहीबाट काठमाडौं जाँदै गरेको बसमा ढुंगा खस्दा चालकको मृत्यु भएको थियो। ठुलो ढुंगाले लु.२ख ६५६६ नम्बरको गाडीका चालक नवलपरासी सुनवल नगरपालिका- ५ का ३६ वर्षीय मेघनाथ विकलाई लागेको थियो। ढुंगाले गाडीको स्टेरिङसहित अगाडिको सिसामा पूर्ण रूपमा क्षति पुऱ्याएको थियो। यद्यपि, गाडीमा सवार यात्रुहरू भने सकुशल रहेका थिए। कहालीलाग्दो दुर्घटना भएको डेढ महिना भएको छ। सिमलताल दुर्घटनाको ४५ औँ दिन सम्म भेटिएनन् बस र ३९ शव पहिरोमा परेर दुईवटा बस र त्यसमा रहेका यात्रु त्रिशूलीमा बगेको ४५ दिन लाग्दा पनि नदीमा हराइरहेका दुईवटै बस र शव फेला परेको छैन। यात्रुको खोजी जारी नै रहेको जिल्ला प्रशासन कार्यालय चितवनले जनाउँदै आएको छ। काठमाडौंबाट रौतहटको गौरका लागि छुटेको गणपति डिलक्स र वीरगन्जबाट काठमाडौंका लागि छुटेको एन्जल डिलक्स बस गत २८ असारमा भरतपुर महानगर-२९, सिमलतालस्थित नारायणगढ-मुग्लिन सडकमा पहिरोसँगै त्रिशूली नदीमा खसेका थिए। बसमा सवार ६२ मध्ये तीनजना पौडिएर बाँचे पनि ५९ जना बेपत्ता भएका थिए। अहिलेसम्म २० जनाको शव फेला परेको छ। ३९ जनाको अवस्था अझै अज्ञात छ। ४ साउनदेखि कुनै पनि शव भेटिएको छैन।

सवारीसाधन दुर्घटनामा परेर विश्वमा हरेक वर्ष १४ लाख मानिसले ज्यान गुमाइरहेको कहालीलाग्दो तथ्याङ्क सार्वजनिक छ। नेपालमै पनि सडक दुर्घटनामा परेर दैनिक आठ जनाको ज्यान जाने गरेको एक अध्ययनले देखाएको छ। ट्राफिक प्रहरीको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७१/७२ यताको १० वर्षको अवधिमा दुई लाख ५८ हजार ७१३ वटा सवारीसाधनको सडक दुर्घटनामा परेर करिब २४ हजार एक सय जनाको ज्यान जानुका साथै दुई लाखभन्दा बढी घाइते भएका छन्। विश्वभर देखिएको सवारी असुरक्षालाई ध्यान दिँदै संयुक्त राष्ट्रसङ्घले 'विश्व सडक सुरक्षा दशक कार्ययोजना' तर्जुमा गरी विश्वभर लागु गरे अनुरूप नेपालमा पनि सडक सुधार कार्ययोजना (सन् २०१३-२०२०) लागु गरिएको छ। सोही अनुसार राष्ट्रिय सडक सुरक्षा परिषद् स्थापना भएको छ। यी सबै कागजी मात्र भएका छन।

सडक सुरक्षाका साथै सवारी दुर्घटना न्यूनीकरणको विषयलाई सम्बोधन गर्ने उद्देश्यले विभिन्न समयमा ऐन, नियम, निर्देशिका तथा कार्ययोजनाहरू जारी नगरिएका भने होइनन्।ती कार्यान्वयन नभएको श्रृङ्खलाबद्ध दुर्घटनाले देखाएको छ। हरेक दुर्घटनापछि छानबिन समिति गठन गरेर प्रतिवेदन तयार पारिन्छन् तर प्रतिवेदन सम्बन्धित मन्त्रालयमा थन्किने परिपाटीका कारण दुर्घटना न्यूनीकरण हुन सकेको छैन। सडक दुर्घटना न्यूनीकरण हुन नसक्नुमा सम्बन्धित निकायहरू एकले अर्कोलाई दोषी देखाएर आफू चोखिने गरेका छन्। भौतिक पूर्वाधार तथा यातायातमन्त्री स्वयम्ले पनि सडक सुरक्षासम्बन्धी प्रभावकारी कानुनको अभाव भएको बताउनुले यसतर्फ सरकारको तत्काल ध्यान जान आवश्यक देखिन्छ। सडक सुरक्षा एवं यातायातसम्बन्धी विज्ञहरूले राज्यको कमजोर नीतिलाई औँल्याउँदै आएका छन्। अदक्ष चालकको जिम्मामा सवारीसाधन भएकै कारण ८० प्रतिशतभन्दा बढी दुर्घटना हुने गरेको र बाँकी २० प्रतिशत सडक तथा अन्य प्राविधिक कारणले हुने गरेको विज्ञहरूको भनाइलाई गम्भीरतापूर्वक लिन आवश्यक छ। दुर्घटनालाई शून्यमा झार्न नसके पनि बढ्दो दुर्घटना न्यूनीकरण गर्न नसकिने होइन। सडक पूर्वाधारमा सुधार, सवारीसाधनको प्राविधिक अवस्था, कानुनको पालना, आपत्कालीन उद्धार तथा उपचारमा शीघ्रतातर्फ जोड दिन जरुरी छ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : शुभ यात्रा |
| वृष | : मानसिक तनाब | वृश्चिक | : स्वास्थ्यमा सुधार |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : शत्रुको भय | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : झमेला बढ्ने | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : कार्यमा सफलता | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# गण्डकी महासभाको ३०औँ शृङ्खला पञ्चकोटमा

पोखरापत्र संवाददाता
पोखरा, ८ भदौं

विश्वशान्ति गण्डकी महासभामा बोल्ने विद्वत वक्ताहरूले कालीगण्डकी नदी र यस नदी क्षेत्रमा मात्र पाइने शालिग्राम शिलाको संरक्षणमा जोड दिएका छन्। बागलुङ नगरपालिका-६ स्थित विश्वशान्ति सर्वसिद्धिधाम पञ्चकोटमा आज आयोतिज ३०औँ गण्डकी महासभामा वक्ताहरूले प्राकृतिक स्रोतमाथि भइरहेको दोहनले प्राणी जगत् सङ्कटमा पर्ने भन्दै चिन्ता व्यक्त गरे।

विश्वहिन्दू महासङ्घ नेपालका वरिष्ठ उपाध्यक्ष शङ्कर खरालले कालीगण्डकी नदीमात्र नभएर सभ्यता भएको बताउनुभयो। उहाँले कालीगण्डकीको उद्‌गमस्थल दामोदरकुण्डमानवविकासक्रमसँग जोडिएको उल्लेख गर्नुभयो।

गण्डकी महासभाका प्रवक्ता सुदर्शन आचार्यले कालीगण्डकी नदी र यस आसपासका तीर्थस्थलहरूको ऐतिहासिक पृष्ठभूमि र महिमा रहेको बताउनुभयो। "यो ऋषिमुनि र महर्षीले तपस्या गरेको पुण्यभूमि हो, धर्मग्रन्थ र पुराणहरूमा समेत यस क्षेत्रको वर्णन छ", उहाँले भन्नुभयो, "शालिग्राम पाइने विश्वकै एकमात्र नदी कालीगण्डकी यही मुक्तिक्षेत्र भएर बग्छिन्।" गण्डकी महासभाको मूल उद्देश्य कालीगण्डकी नदी बचाउनु रहेको बताउनुहुँदै प्रवक्ता आचार्यले पूर्वी नेपालमा कोशी सभ्यता र पश्चिममा कर्णाली सभ्यता भएझैँ मध्यनेपालमा गण्डकी सभ्यता रहेको उल्लेख गर्नुभयो। "कालीगण्डकी नदी सङ्कटमा परे सिङ्गो गण्डकी सभ्यता नै हराउने छ। त्यसैले जनस्तरसम्म सचेतना विस्तार गर्दै सरोकार भएका पक्षलाई कालीगण्डकी नदी र शालिग्राम संरक्षणमा जिम्मेवार बन्न दबाब दिने उद्देश्यले गण्डकी महासभा आयोजना गरिएको हो", प्रवक्ता आचार्यले भन्नुभयो। उहाँले गण्डकी प्रदेशका ११ जिल्ला र ८५ वटै स्थानीय तहमा गण्डकी महासभा सञ्चालन गरिने बताउनुभयो।

हालसम्म बागलुङ, पर्वत, म्याग्दी, कास्की, तनहुँलगायत जिल्लामा महासभा आयोजना गरिएको पञ्चकोट विकास परिषद्‌ले जनाएको छ। परिसद्‌का अध्यक्ष जगन्नाथ आचार्यले जल, जमिन र जङ्गलबिना प्राणी जगत्‌को अस्तित्व नरहने भन्दै उहाँले तिनको संरक्षण गर्नुपर्नेमा जोड दिनुभयो।

नेपालको हिमालय क्षेत्र हुँदै बग्ने नदीहरू विश्वका दुई अर्ब मानिसको पानीको स्रोत रहेको भन्दै विज्ञहरूले पनि कालीगण्डकीलगायत नदीको संरक्षणमा विशेष ध्यान दिनुपर्नेमा जोड दिँदै आएका छन्।

कालीगण्डकीको दोहनले यहाँको सौन्दर्य र सभ्यतामात्र नासिने नभई समग्र मानव-प्रकृति चक्रलाई खल्बल्याउने भएकाले संरक्षण अभियान चलाउनुपरेको अभियानकर्मीहरूले बताएका छन्। धार्मिक, सांस्कृतिक गरिमा, जैविक र प्राकृतिक विविधतासँगै मानिसको जीविकासँग पनि जोडिएको कालीगण्डकी नदीलाई आफ्नै प्राकृतिक स्वरूपमा बग्न दिनुपर्ने उनीहरूको माग छ। हिन्दू धर्मसंस्कारमा विष्णु भगवान्‌को अवतारका रूपमा पूजिने शालिग्राम पाइने विश्वकै एकमात्र नदी भएकाले कालीगण्डकी धर्मप्रेमीका लागि पनि पवित्रस्थल मानिन्छ। हिमालय क्षेत्रको दामोदरकुण्ड, मुस्ताङको मुक्तिक्षेत्र हुँदै दक्षिण बग्ने कालीगण्डकी देशको मध्यभागको प्रमुख नदी-प्रणाली हो।

# मीना परियार हत्या प्रकरण: 'न्यायका लागि हारगुहार'

रासस
म्याग्दी, ८ भदौं

बेनी नगरपालिका-९ तोरीपानीका फूलमाया र चन्द्रबहादुर परियारका आँखा ओभानो नभएको करिब आठ महिना भयो। विसं २०८० पुस १६ गते राति घरबाट बेपत्ता कान्छी छोरी मीना जिउँदो नभएको निष्कर्ष निकालेका परियार दम्पती न्यायको प्रतिक्षामा छन्। घर नजिकैको जङ्गलमा गत साउन २७ गते भेटिएको शव र सँगैका गहना तथा कपडा मीनाको भएको सनाखत गरेका उनीहरू न्यायका लागि हारगुहार गरिरहेका छन्।

"छोरीको खोजबिन र न्यायका लागि भौतारिन थालेको करिब आठ महिना भयो", फूलमाया भन्नुहुन्छ, "साउन २७ गते गाउँ नजिकैको आँखखेत कालीमुलको जङ्गलमा गाडेको, सडेगलेको अवस्थामा भेटिएको शव, सिक्री, स्वीटर, चप्पललगायत सामग्री मीनाकै भए पनि सबै दोषीलाई पक्राउ र अनुसन्धानमा भएको ढिलाइले कतै न्याय नपाइने त होइन भन्ने शङ्कामा छौँ।"

चन्द्रबहादुर र फूलमायाका तीन छोरी र एक छोरामध्ये कान्छी मीना तोरीपानीको गलेश्वर मावि कक्षा १२ मा पढ्थिन्। गङ्गटो खोज्न गएका स्थानीयले देखेको बेनी नगरपालिका-९ र १० नम्बर वडाको सिमानामा पर्ने उत्तिसको जङ्गलमा भेट्टाएको शव र सामग्रीलाई सङ्कलन गरेर प्रहरीले पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा परीक्षण गरेको छ। मीनाको ज्यान लिने कार्यमा संलग्नलाई कारबाहीको सुनिश्चित नभएसम्म शव दाहसंस्कार नगरी बेनी अस्पतालका शवगृहमा राखेको मीनाकी भाउजु कमला बर्देवा परियारले बताउनुभयो।

"अहिलेसम्म हत्याराहरू सार्वजनिक गरिएको छैन, एउटा मान्छले मात्र यसरी घटना घटाएको होइन, न्यायका लागि धाउँदाधाउँदै थाकिसकेका छौँ", कमलाले भन्नुभयो, "छिमेकी राम खत्रीको प्रेममा रहेकी मीना करिब छ महिनाको गर्भवती भएको उनीहरू दुईजनाबीच बेपत्ता हुँदाको राति भएको म्यासेन्जर कुराकानीबाट प्रमाणित भएको छ", २५ वर्षीय राम विवाहित हुन्।

परिवार, आफन्त र नातागोता सबैको क्षमताले भ्याएसम्म खोजतलास गर्दा मीनाको अवस्थाबारे पत्ता लाग्न नसकेपछि २०८० साल पुस २२ गते जिल्ला प्रहरी कार्यालयमा हुलियासहित खोजतलासका लागि निवेदन दिएका थिए।

अनुसन्धानकै क्रममा मीना र रामको 'म्यासेन्जर' कुराकानी भेटिएपछि माघ २१ गते मीनाका बुबा चन्द्रबहादुरले रामले छोरीलाई बेपत्ता बनाएको किटानी जाहेरी दिनुभयो। जाहेरी परेको दुई दिनपछि माघ २३ गते मुद्दा दर्ता गरेको प्रहरीले सोही दिन आरोपी रामलाई पक्राउ गरेको थियो। व्यक्ति बेपत्ता पार्ने कसुरमा जिल्ला अदालतको २०८० फागुन १७ गतेको थुनछेक आदेशबाट राम पुर्पक्षका लागि कारागार चलान भएका थिए।

# श्रीमदवीतक चर्चासंगै महिलाहरुको पाठेघरको मुखको क्यान्सर सम्बन्धी परीक्षण

पोखरापत्र संवाददाता
पोखरा, ८ भदौं




पोखरा ८ रत्नचोकमा रहेको श्रीकृष्ण प्रणामी मन्दिरमा जारी श्रीमदवीतक चर्चा तथा श्रीकृष्ण प्रवचनका बीच महिलाहरुको पाठेघरको मुखको क्यान्सर सम्बन्धी स्वास्थ्य परिक्षण कार्यक्रम सम्पन्न भएको छ।

श्रीकृष्ण प्रणामी मन्दिरमा जारी एक महिने श्रीमदवीतक चर्चामा आउने भक्तजनहरुलाई लक्षित गरी प्रयास नेपाल र लायन्स क्लव अफ पोखरा स्काइ टाउनको आयोजनामा सम्पन्न स्वास्थ्य परीक्षण कार्यक्रममा ७५ जना महिला दिदीबहिनीहरुले स्वास्थ्य परिक्षण गराएका थिए।

सो अवसरमा वोल्दै वरिष्ठ आँखा रोग विशेषज्ञ डा. इन्द्रमान महर्जनले महिलाहरुको पाठेघरको क्यान्सर हुनु अगावै पाठेघरको मुखको क्यान्सरको जाँज गराउन सके पाठेघरको क्यान्सरबाट बच्न सकिने बताए।पाठेघरको क्यान्सरको बारेमा अझैपनि समाजमा सचेतना फैल्याउन आवश्यक रहेको वताउदै श्रीकृष्ण प्रणामी मन्दिरमा प्रयास नेपाल र लायन्स क्लव अफ पोखरा स्काइ टाउनले आयोजना गरेको स्वास्थ्य शिविरले सकारात्मक सन्देश प्रवाह गरेको समेत बताए। प्रयास नेपाल अध्यक्ष शर्मिला भट्टराईले प्रयास नेपालले शिक्षा, स्वास्थ्य र सेवाको क्षेत्रमा काम गर्दै आइरहदा महिलाहरुको पाठेघरको क्यान्सरको दर दिनानुदिन बढ्दै गइरहेको त्यस प्रति सचेत गराउनका लागि पाठेघरको मुखको क्यान्सरको बारेमा सचेतना संगै परिक्षण कार्यक्रमको आयोजना गरिएको वताइन। पाठेघरको मुखको क्यान्सरको परिक्षण मार्फत पाठेघरमा क्यान्सर हुदैछ भन्ने जानकारी पाइने भएकाले ३० देखी ६० वर्ष उमेर पुगेका महिलाहरुले त्यसबारेमा ध्यान दिन आवश्यक रहेको उनको भनाइ रहेको थियो। पछिल्लो समय मानिसहरुलाई मानसिक समस्याहरु समेत देखिने क्रम वढिरहेकाले प्रयास नेपालले त्यस तर्फ समेत काम गर्दै मनोसामाजिक परामर्शको कार्यक्रमहरुलाई समेत प्रयास नेपालले निरन्तरता दिदै आएको भट्टराईको भनाइ रहेको थियो।

सो अवसरमा वोल्दै राष्ट्रिय वाणिज्य बैंक पृथ्वीचोक शाखाका हरिराम पराजुलीले पछिल्लो समय खानपान र रहनसहनका कारण विभिन्न रोगहरु लाग्ने र महिलाहरुमा पनि त्यसैका कारण पाठेघरको क्यानसर हुने गरेकाले त्यस तर्फ सचेतना फैल्याउन आवश्यक रहेको वताए।

सो अवसरमा वोल्दै श्रीकृष्ण प्रणामी सेवा समितिका अध्यक्ष मोहन प्रसाद ढकालले श्रीकृष्ण प्रणामी सेवा समितिले रक्तदान, आँखा जाँच लगायतका कार्यक्रमहरुलाई निरन्तरता दिदै आइरहदा प्रयास नेपाल र लायन्स क्लव अफ पोखरा स्काइ टाउनको सहयोगमा महिलाहरुको पाठेघरको मुखको क्यासन्सरलाई मध्येनजर गरी स्वास्थ्य परिक्षणको कार्यक्रमको आयोजना गरिएको वताए। आगामी दिनमा पनि प्रयास नेपाल संग सहकार्य गरेर स्वास्थ्यको क्षेत्रमा उल्लेखनीय काम गर्ने ढकालको भनाइ रहेको थियो।

स्वास्थ्य परीक्षण कार्यक्रममा मेडिसिन कोअर्डिनेटर निलम महर्जन, सिनियर नर्सिङ अफिसर पुष्पा लक्ष्मी महर्जन लगायतले सहजीकरण गरेका थिएभने प्रयास नेपालका कोषाध्यक्ष निरु पराजुली, सह सचिव वुद्धि सागर सापकोटा, सदस्य दुर्गा थपलिया, लायन्स क्लव अफ पोखरा स्काइ टाउनका पूर्व अध्यक्ष मञ्जु पौडेल भट्टराई, कोषाध्यक्ष मधु पन्थी लगायतको उपस्थिती रहेको श्रीकृष्ण प्रणामी सेवा समितिका सचिव लक्ष्मण बरालले जानकारी दिए। भदौ १० गते सम्म सञ्चालन हुने श्रीमदवीतक चर्चा तथा श्रीकृष्ण प्रवचनको ३१ औं दिन शनिवार सम्म आइपुग्दा भक्तजनको आगमन कायमै रहेको छ। प्रवचन कार्यक्रममा युवा सन्तश्री तुलसी स्वरुप महाराज र उपवाचक विष्णु पहारीको प्रवचन र रोशन बन्जरा र सुजन बन्जराको भजन प्रस्तुतीमा भक्तजनहरु मोहित भएका थिए। यसैविच भदौ १० गते श्रीकृष्ण जन्माष्टमीको अवसर पारी श्रीकृष्ण प्रणामी युवा परिषदको आयोजनामा खुल्ला रक्तदान कार्यक्रमको समेत आयोजना हुने श्रीकृष्ण प्रणामी सेवा समितिका अध्यक्ष मोहन प्रसाद ढकालले जानकारी दिए।

# सिर्जनामा समर्पित आमा समितिको अध्यक्षमा सावित्री

पोखरापत्र संवाददाता
पोखरा, ८ भदौं



सिर्जनामा समर्पित आमा समितिको १२ औ साधारण सभा तथा चौथों अधिवेशनले सावित्री पौडेल वराललाई अध्यक्षमा चयन गरेको छ।

समितिको उपाध्यक्षमा पवित्रा आचार्य गौतम, सचिवमा सावित्री शर्मा, सह सचिवमा भिमा बाँस्तोला, कोषाध्यक्षमा प्रतिभा त्रिपठी भण्डारी चयन भएका छन्। त्यसैगरी सदस्यहरुमा क्रमश मिना अधिकारी, रिता सुवेदी, सिता पाहारी, कमला गौतम, विष्णुमाया अधिकारी, सिता सापकोटा, भारती भण्डारी, जुना गिरी छलिमाया पौडेल, बत्तीमाया अधिकारी, कृष्णकुमारी अधिकारी रहेका छन्। समितिको सल्लाहकारमा समितिका निवर्तमान अध्यक्ष लक्ष्मीकुमारी वराल, विष्णुमाया कुइँकेल, दुर्गा भण्डारी र गिता वराल चयन भए। समितिका निवर्तमान अध्यक्ष विष्णु माया कुइँकेलको अध्यक्षमा भएको कार्यक्रममा समितिका उपाध्यक्षमा सावित्री पौडेल वरालले स्वागत गरेको कार्यक्रममा समितिका सल्लाहकार दुर्गा त्रिपाठी भण्डारी र सदस्य कमला गौतमले वोलेका थिए। सोही दिन कोषाध्यक्ष प्रतिभा भण्डारीले प्रस्तुत गरेको आर्थिक प्रतिवेदन, सचिव पवित्रा आचार्य गौतमले प्रस्तुत गरेको सचिवको प्रतिवेदन पारित भएको छ।

# लोक संस्कृतिको संरक्षणमा योगदान दिने सम्मानित

पोखरापत्र संवाददाता
बेनी, ८ भदौं

लोक संस्कृतिको संरक्षण र संवर्द्धनमा योगदान पुऱ्याउने पाँचजना कलाकार र पत्रकारलाई सम्मान गरिएको छ। राष्ट्रिय लोक तथा दाहोरी गीत प्रतिष्ठानले जिल्लाका कलाकार र पत्रकारलाई सम्मान गरेको हो।

शनिबार बेनीमा आयोजित २०औँ वार्षिक साधारणसभाका अवसरमा जिल्लाका अग्रज लोकगायक तथा संस्थाका सल्लाहकार कृष्णदत्त पौडेल, लोकगायक तथा संस्थाका पूर्वअध्यक्ष कृष्ण जिसी, लोकदोहोरी गायक तथा मोडल सज्जन बोहोरा र पत्रकार कमल खत्री र अमृत बास्कुनेलाई सम्मान गरेको हो। उहाँहरूलाई कार्यक्रमका प्रमुख अतिथि प्रतिष्ठानका केन्द्रीय सहसचिव तारानाथ आचार्य, संस्थापक केन्द्रीय सदस्य तथा अग्रज लोकगायिका धनकुमारी थापा, प्रतिष्ठानका अध्यक्ष ध्रुव जिसीलगायतले दोसल्ला र सम्मानपत्र प्रदान गरी सम्मान गर्नुभएको थियो।

जिल्लामा प्रत्यक्ष दोहोरीको विजारोपण गरी फुलाउन र पक्राउन गायक पौडेलको महत्त्वपूर्ण योगदान रहेको छ। प्रतिष्ठानमा दुई कार्यकालसम्म नेतृत्व गर्नुभएका लोकगायक जिसीले संस्थागत विकासमा महत्त्वपूर्ण भूमिका निभाउनुभएको थियो।

हाल अमेरिका कर्मथलो बनाउनुभएका लोकदोहोरी गायक बोहोराका मालिका धुरी सालैजो, घुमौला बेनी सङ्क्रान्ति मेलैमा, वनचरी, शिरैमा शिरबन्दी, प्याउली फूल पहैँलैलगायत गीत चर्चित छन्।पत्रकारिताको माध्ययमबाट जिल्लामा लुकेका र ओझेलमा परेका मौलिक कला र संस्कृतिको उजागर गर्ने क्षेत्रमा राष्ट्रिय समाचार समितिका म्याग्दी प्रतिनिधि खत्री र गोरखापत्रका जिल्ला संवाददाता बास्कुनेले खेलेको भूमिकाको कदर गर्दै सम्मान गरिएको आयोजकले जनाएको छ।

# कृषिबाटै परिवारको भविष्य निर्माण गर्दै बाबुराम

पोखरापत्र संवाददाता
पर्वत, ८ भदौ

रोजगारीका लागि १० वर्षसम्म खाडी मुलुकमा भौतारिए पनि गतिलो कमाइ गर्न नसकेपछि स्वदेशमै फर्किएर व्यावसायिक तरकारी खेतीमा होमिनुभएका यहाँका एक कृषकले वार्षिक रु १५ लाखसम्म भित्र्याउन सफल हुनुभएको छ।

जलजला गाउँपालिका-६ शालिजाका कृषक बाबुराम रेम्मी मौसमी तथा बेमौसमी तरकारी खेतीबाट मनग्य आम्दानी गर्न सफल हुनुभएको हो। एक दशक लामो समय खाडी मुलुकमा बिताए पनि घर खर्च चलाउन हम्मेहम्मे परेपछि गाउँमै फर्किर आफ्नै बाबुले गर्दै आएको कृषि पेशा अगाल्नुभएका रेम्मीले अहिले विदेशमा भन्दा दोब्बर कमाइ गर्न सफल भएको बताउनुभयो।

एक दशकदेखि व्यावसायिक तरकारी खेतीमा लाग्नुभएका रेम्मीले १५ रोपनी खेतबारीमा तरकारी खेती गर्दै आउनुभएको छ। उहाँले मौसमीभन्दा बेमौसमी तरकारीलाई जोड दिनुभएको छ। मौसमी तरकारी लगाउँदा सोचे अनुरुप कमाइ नहुने र बजारको समेत अभाव हुने भएकाले बेमौसमी तरकारी खेतीमा लागेको रेम्मीले बताउनुभयो। अहिले उहाँको बारीमा काउली, बन्दा, आलु, टमाटर, काँक्रा, धनियाँ, सिमीलगायत बेमौसममा उत्पादन हुने तरकारी लहलह भएका छन्।

गाउँमै सडकको राम्रो पहुँच पुगेपछि बारीबाटै गाडीमा लोड गरेर बजार पठाउने गरेको रेम्मीले बताउनुभयो। उहाँको बारीमा उत्पादित तरकारी छिमेकी जिल्ला म्याग्दीको बेनी, पर्वतको कुश्मा, बागलुङ र पोखरासम्म पुग्ने गरेको छ। "यतिबेला काँक्रा बजार लैजाने भएका छन्, दैनिक रुपमा ५० किलो उत्पादन हुने गरेको छ, काउली र बन्दाका बिरुवा भर्खर लगाएको छु, अब एक महिनामा बजार पठाउन तयार हुन्छन्", उहाँले भन्नुभयो। रेम्मीलाई तरकारी खेतीको काम गर्न श्रीमती र बुबाले पनि सघाउँदै आउनुभएको छ। वर्षे आलु लगाएर रु पाँच लाख आम्दानी गरेको बताउने बाबुरामले वार्षिक रु १५ लाखसम्म आम्दानी गर्न कुनै समस्या नरहेको बताउनुभयो।

तरकारीका अलावा उहाँले दश मुरी धान उत्पादन हुने खेतमा गोल्डेन जातको किवी पनि लगाउनुभएको छ। किवी खेतीबाट वार्षिक रुपमा रु दुईदेखि रु तीन लाखसम्म आम्दानी गर्ने योजना उहाँको छ। गाउँपालिकाले अनुदानमा किवीका बिरुवा उपलब्ध गराएको रेम्मीले बताउनुभयो।

स्वदेशमा केही छैन भनेका लागि बाबुरामको प्रगति गतिलो उदाहरण बनेको छ। परिश्रमी र लगनशील बाबुराम युवाका लागि प्रेरणाको स्रोत बनेको स्थानीय स्थानीय बताउँछन्। "मेरो आम्दानीको स्रोत अरु केही छैन", रेम्मीले भन्नुभयो, "तरकारी खेतीबाटै दुई छोरालाई प्राविधिक विषयसमेत पढाउन सफल भएको छु।" रेम्मीले तरकारीबाटै भएको आम्दानीले जेठो छोरालाई इञ्जिनियर र कान्छोलाई कृषि प्राविधिक पढाउनुभएको हो।

उहाँले जेठो छोरालाई सिभिल इञ्जिनियरमा स्नातकसम्म पढाएर स्नातकोत्तर पढ्नका लागि हाल बेलायत पठाउनुभएको छ भने कान्छो छोरा रामपुर कृषि क्याम्पसबाट कृषि प्राविधिकमा स्नातक गरेर अहिले नेपालमै रोजगारी गर्न थाल्नुभएको छ। "विदेश छाडेर गाउँ फर्किदा छरछिमेकले गाली गरेका थिए", उहाँले भन्नुभयो, "घरखर्च चलाउन र छोराछोरी पढाउन धेरै खर्च चाहिन्छ फेरी विदेश फर्क भन्दै सुझाव दिने गरेको भए पनि अटेर गरेर तरकारी खेतीमा लागिरहे।"

आफूले अङ्गालेको पेशा रोजेर छोरा गाउँकै नमूना कृषक भएकामा बुबा कलाधर रेम्मी पनि हर्षित बन्नुभएको छ। परिश्रम र मेहिनत गर्न सक्ने हो भने कसैले पनि नेपाल छाडेर पलायन हुन नपर्ने उहाँको अनुभव रहेको छ।

# पोखराको सर्वेश्वर-पराजुली मार्गमा 'दशैं उत्सव' कार्यक्रम गरिने

पोखरापत्र संवाददाता
पोखरा, ८ भदौ




पोखराको सबैभन्दा सस्तो र ठूलो होलसेल बजार सर्वेश्वर-पराजुली मार्गमा दशैं उत्सव कार्यक्रम गरिने भएको छ।

चीन, भारत, थाइल्याण्डलगायतका देशबाट सिधै सामान ल्याएर काठमाडौं भन्दा सस्तो मूल्यमा होलसेल सामान बिक्री गर्दै आएका सर्वेश्वर-पराजुली मार्गका व्यवसायीहरुको छाता संस्था सर्वेश्वर व्यवसायी समितिले नेपालीको महान चाँड बडादशैं, तिहार, नेपाल सम्वत्, छठलगायतका पर्वहरु लक्षित गरेर 'दशैं उत्सव' कार्यक्रम गर्न लागेको हो। कार्यक्रमको तयारी स्वरुप समितिले शुक्रबार साँझ स्थानिय व्यवसायीसँग छलफल तथा अर्न्तक्रिया गरेको छ। कार्यक्रममा दशैं उत्सवसँगै व्यापार प्रवर्द्धनका लागि गरिने कार्यक्रमका लागि सुझाव मागिएको थियो। सर्वेश्वर-पराजुली मार्गका व्यवसायलाई ब्राण्डिङ गर्ने उद्देश्यले चाँडपर्व लक्षित कार्यक्रम गर्न लागिएको समितिका अध्यक्ष तुलबहादुर थापा (राजन)ले जानकारी दिए। समितिले चाँडपर्व लक्षित एक महिने दशैं उत्सव कार्यक्रम गर्न लागेको उनले बताए। सो अवसरमा सर्वेश्वर र पराजुली मार्ग छिर्ने सबैतिरका गेटहरुमा प्रवेश द्वार बनाउने, बजार क्षेत्रलाई सजिसजाउ र भकिभिकाउ गरेर दुलहीझैं सजाउने तथा झिलीमिली बत्ती बाल्ने तयारीमा आफूहरु जुटेको अध्यक्ष थापाले जानकारी दिए। त्यसका अलावा समितिले यस वर्ष चाँडपर्वको अवसरमा सपिङ गर्ने ग्राहकलाई बम्पर उपहार योजना सञ्चालन गर्ने भएको छ। जसका लागि सामान खरिदमा कुपन दिइने र चाँडपर्व सकिएपश्चात एक औपचारिक कार्यक्रम गरेर चिठ्ठा खोल्ने योजना रहेको उनले बताए। समितिले व्यापार प्रवर्द्धन कार्यक्रमलाई पनि तिव्र बनाउने जनाएको छ। जसका लागि कास्कीसहित आसपासका जिल्लाहरु स्याङ्जा, तनहुँ, पर्वत, बागलुङ, म्याग्दीलगायतका जिल्लाहरुमा व्यापार प्रवर्द्धनात्मक सूचना रेडियो, एफएमहरुबाट प्रशारण गर्ने उनले बताए।

अर्न्तक्रियामा समितिका निवर्तमान अध्यक्ष तथा बालकृष्ण भण्डारी, सल्लाहकारहरु प्रेमप्रसाद सुवेदी, एकनारायण पनेरु, नरहरी अधिकारी, आजिवन सदस्य यादव पोखरेल, व्यवसायी नवराज त्रिपाठीलगायतले व्यापार प्रवर्द्धनका लागि गरिने योजना र कार्यक्रममा आफूहरुको साथ र समर्थन रहने प्रतिबद्धता जनाए।

समितिले यसअघिपनि पर्वत, बागलुङ, म्याग्दी, रुकुम पूर्व, रुकुम पश्चिम, जाजरकोट, दाङ, बुटवलहुँदै स्याङ्जाको गल्याङ र वालिङ पुगेर क्यालेन्डर वितरण तथा अर्न्तक्रिया गरेर व्यापार प्रवर्द्धन गरेको थियो। सर्वेश्वर मार्ग र पराजुली मार्गमा आफ्नै र स्वदेशी गार्मेन्टबाट उत्पादित सामानहरु, फेन्सी तथा रेडिमेड सामानहरु, श्रृंगारका सम्पूर्ण कस्मेटिक सामानहरु, काचो कपडा, जुत्ता, चप्पल, व्याग, गिफ्ट तथा खेलौनाका सामानहरु थोक तथा खुद्रा मूल्यमा बिक्री हुने गरेको समितिका महासचिव विशाल अधिकारीले जानकारी दिए। होलसेल तथा खुद्रा दुबै व्यापार हुने सर्वेश्वर मार्गमा स्याङ्जा, वालिङ, तनहुँ, लमजुङ, पर्वत, बागलुङ, म्याग्दीदेखि मनाङ र मुस्ताङ तथा पूर्वी रुकुम र पश्चिम रुकुम सम्मका खुद्रा व्यापारी ग्राहकका रुपमा आउने गरेको वरिष्ठ उपाध्यक्ष छवीलाल गौतमले बताए।

# लमजुङमा एघार सय ५० पशुमा कृत्रिम गर्भाधान

पोखरापत्र संवाददाता
लमजुङ, ८ भदौ

यहाँ एक वर्षमा एक हजार एक सय ५० पशुमा कृत्रिम गर्भाधान गराएको छ। आर्थिक वर्ष २०८०/८१ मा जिल्लामा किसानले पालेका यतीका पशुमा कृत्रिम गर्भाधान गराइएको भेटिरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका निमित्त कार्यालय प्रमुख डा सुनिल न्यौपानेले बताउनुभयो।

उहाँका अनुसार यसमा सबैभन्दा बढी भैंसी र कम बाखामा कृत्रिम गर्भाधान गरिएको छ। पाँच सय ८८ भैंसी, पाँच सय ५९ गाई र तीन बाखालाई कृत्रिम गर्भाधान सेवा प्रदान गरिएको केन्द्रले जनाएको छ। कार्यालयमार्फत २७ तथा अन्य गर्भाधान केन्द्रमार्फत एक सय हजार एक सय २३ पशुमा सो सेवा लागू गरिएको थियो। क्व्होलासोथार गाउँपालिका र दुधपोखरी गाउँपालिकाबाहेक अन्य छ स्थानीय तह र कार्यालय गरी सात स्थानबाट कृत्रिम गर्भाधान सेवा उपलब्ध हुँदै आएको छ।

कृत्रिम गर्भाधान सबैभन्दा धेरै मध्यनेपाल नगरपालिकाबाट र कम मर्स्याङ्दी गाउँपालिकाबाट हुने गरेको छ। कृत्रिम गर्भाधान सेवा दिनका लागि १७ जना कृत्रिम गर्भाधान कर्ता खटाइएको केन्द्रका निमित्त प्रमुख न्यौपानेले बताउनुभयो। त्यस्तै अघिल्लो आर्थिक वर्ष २०७९/८० मा एक हजार सात सय ६२ पशुमा कृत्रिम गर्भाधान गराइएको थियो। यसमा नौ सय ४४ गाई, आठ सय १६ भैंसी र दुई बाखालाई कृत्रिम गर्भाधान सेवा प्रदान गरिएको उक्त कार्यालयले जनाएको छ। कार्यालयमार्फत २२ तथा अन्य गर्भाधान केन्द्रमार्फत एक हजार सात सय ४० पशुमा सो सेवा लागू गरेको थियो। आर्थिक वर्ष २०७८/७९ मा जिल्लामा दुई हजार एक सय ८५ पशुमा कृत्रिम गर्भाधान गराएको थियो। एक हजार ९८ गाई, एक हजार ७२ भैंसी र १५ बाखालाई कृत्रिम गर्भाधान सेवा प्रदान गरिएको थियो। कार्यालयमार्फत ५५ तथा अन्य गर्भाधान केन्द्रमार्फत एक हजार एक सय ३० पशुमा सो सेवा लागू गरिएको थियो। आर्थिक वर्ष २०७७/७८ मा जिल्लामा दुई हजार एक सय सात पशुमा कृत्रिम गर्भाधान गराएकामा एक हजार ४३ गाई, एक हजार ३२ भैंसी र ३२ बाखालाई कृत्रिम गर्भाधान सेवा प्रदान गरिएको कार्यालयले जनाएको छ। कार्यालयमार्फत एक सय सात तथा अन्य गर्भाधान केन्द्रमार्फत दुई हजार पशुमा उक्त सेवा लागू गरेको थियो। प्रजननका लागि भाले पालिराख्नु नपर्ने, विदेशबाट आयातित तथा उच्च उत्पादन क्षमता भएका भालेको बीर्य प्रयोग ग्रामीणस्तरमा नै गर्न सकिने भएकाले कृत्रिम गर्भाधान सेवा प्रदान गर्न थालिएको केन्द्रका निमित्त प्रमुख न्यौपानेको भनाइ छ। गाउँगाउँमा उक्त सेवा पुगेसँगै कृषक थप उत्साहित भएका छन्। विगतमा परम्परागत रुपमा पशुमा गर्भाधारण गर्दै आएता पनि पछिल्लो समय ब्याड राँगा पाउन मुश्किल भएको र सो सेवा आइपुगेपछि गाई, भैंसी, बाखामा कृत्रिम गर्भाधान गर्न थालिएको जिल्लाका किसानको भनाइ छ।

कृत्रिम गर्भाधानबाट जन्मेका बच्चालाई गर्भ नतुहिने, रोग नलाग्ने, जन्मेको बच्चा मर्ने सम्भावना कम हुनुका साथै त्यसबाट जन्मेका पशु बढी दूधालु हुने भएकाले पशु नश्ल सुधार कार्यक्रम प्रभावकारी बन्दै गएको कार्यालय निमित्त प्रमुख न्यौपानेले बताउनुभयो।

# 'निरन्तर शिक्षाका लागि पुस्तकालय' नाराका साथ पुस्तकालय दिवस मनाइँदै

पोखरापत्र संवाददाता
पोखरा, ८ भदौ

'निरन्तर शिक्षाका लागि पुस्तकालय' भन्ने नारासहित यही भदौ १५ गते १७ औं राष्ट्रिय पुस्तकालय मनाइँदैछ। गण्डकी प्रदेशमा रहेका सामुदायिक तथा सार्वजनिक पुस्तकालय पनि रचनात्मक र सन्देशमूलक कार्यक्रमसहित दिवस मनाउने तयारीमा छन्।

उक्त दिवसका अवसरमा पोखरा सार्वजनिक पुस्तकालय/अमेरिकन कर्नर पोखरा र नेपाल पुस्तकालय सङ्घ गण्डकी प्रदेश समितिको संयुक्त आयोजनामा कास्की जिल्ला विद्यालयस्तरीय चित्रकला प्रतियोगिता आयोजना गरिएको छ। उक्त प्रतियोगितामा प्रथम हुनेलाई रु सात हजार, द्वितियलाई रु पाँच हजार, तृतीयलाई रु चार हजार र सान्त्वना पुरस्कार रु दुई हजार राखिएको छ। यस्तै विसं २००३ सालमा स्थापना भएको देशकै अग्रणीमध्येको विद्यामन्दिर पुस्तकालय, बागलुङले पाँच दिवसीय कार्यक्रमसहित उक्त दिवस मनाउने भएको छ। दिवसका अवसरमा यही भदौ ११ गते पुस्तकालय परिसर सरसफाइसहित सदरमुकामका चोकमा दिवसको प्रचारात्मक ब्यानर प्रदर्शन गरिनेछ। १२ र १३ गते गते विद्यालय उमेरका बालबालिकालाई लक्षित गरी 'सिर्जनात्मक लेखन कार्यशाला' आयोजना गरिएको पुस्तकालयका सचिव राजनप्रसाद शर्माले जानकारी दिनुभयो। १४ गते पुस्तकालय दिवससँग सम्बन्धित शीर्षकमा बागलुङ नगरपालिकास्थित माध्यमिक विद्यालयस्तरीय निबन्ध लेखन प्रतियोगिता आयोजना गरिएकोछ। सोहीदिनपुस्तकालयको बाल कक्षमा अध्ययनरत बालबालिकाको स्वास्थ्य परीक्षण तथा शैक्षिक सामग्री वितरण गरिने सचिव शर्माले बताउनुभयो।

दिवसका सन्दर्भमा जिल्ला प्रहरी कार्यालयको हिरासत कक्षमा पुस्तक उपहार दिने कार्यक्रमसमेत तय गरिएको उहाँले जानकारी दिनुभयो। भदौ १५ गते सम्मान र पुरस्कार वितरणसहित मूल समारोह आयोजना गरिएको उहाँको भनाइ छ। सोही समारोहमा पुस्तकालयको विभिन्न पदमा रही ४० वर्षसम्म सेवा पुऱ्याउनुभएका पुस्तकालयका संरक्षक समिति सदस्य हरिहर श्रेष्ठलाई दीर्घ सेवा सम्मान प्रदान गरिने भएको छ।

"हामीले बर्सेनि पुस्तकालय दिवसलाई विशेष रुपमा मनाउँदै आएका छौं", सचिव शर्माले भन्नुभयो, "बालबालिकाको सिर्जनात्मक क्षमता विकाससँगै उनीहरुलाई पुस्तकालयप्रति आकर्षित गर्ने गरी यस वर्षको कार्यक्रम तय गरिएको छ।" राणाकालको प्रतिकूल समयमा खुलेका कारण पनि विद्यामन्दिर पुस्तकालयको अलग्गै पहिचान र गरिमा छ। धवलागिरि क्षेत्रको शैक्षिक, सामाजिक र राजनीतिक जागरणको केन्द्रका रुपमासमेत यस पुस्तकालयलाई लिने गरिन्छ।

स्थापनाकालमा काठमाडौं उपत्यका हुँदै भारतको दिल्ली, गोरखपुरसम्मबाट भरिया लगाएर ल्याइएका पुस्तक सङ्ग्रह गरेर सुरु गरिएको पुस्तकालयमा अहिले विभिन्न विधाका गरी करिब १७ हजार पुस्तक छन्। पुस्तकालयमा विद्युतीय पुस्तकालय (ई-लाइब्रेरी) पनि सञ्चालित छ। प्रारम्भिक चरणमा विद्यालयको कोठा हुँदै सार्वजनिक पौवामा चलेको पुस्तकालयले अहिले आफ्नै सुविधासम्पन्न भवनबाट सेवा दिँदै आएको छ। यस पुस्तकालयका संस्थापक दिवङ्गत ओमप्रसाद गौचन र मेघकुमार वैद्य हुनुहुन्छ। पुस्तकालयमा छुट्टै बाल पुस्तकालय स्थापनाको तयारी अगाडि बढेको छ। पर्वतको फलेवासमा रहेको मोती सामुदायिक पुस्तकालयले पनि विविध रचनात्मक कार्यक्रम गरी दिवस मनाउने तयारी गरेको छ। पुस्तकालयका पुस्तकाध्यक्ष इन्द्र सापकोटाकाअनुसार समुदायमा सरसफाइ सचेतना, ज्येष्ठ नागरिकको स्वास्थ्य परीक्षण, सम्मान, चित्रकला प्रतियोगितालगायत कार्यक्रम तय गरिएको छ। गत साउन २१ गते शिक्षा, विज्ञान, तथा प्रविधि मन्त्रालयको सचिवस्तरीय बैठकबाट 'निरन्तर शिक्षाका लागि पुस्तकालय' भन्ने आदर्श वाक्यसहित १७औं राष्ट्रिय पुस्तकालय दिवस मनाउने निर्णय गरेको थियो। पुस्तकालयमार्फत ज्ञान, सीप तथा सूचना पहुँच, अध्ययन गर्ने बानीको प्रवर्द्धन र सामुदायिक भावना सम्मिलित समावेशी तथा सहभागितामूलक कार्यक्रम गरी भव्य रुपमा उक्त दिवस मनाउन मन्त्रालयले सार्वजनिक तथा सामुदायिक पुस्तकालयहरुलाई अनुरोध गरेको छ। गण्डकी प्रदेशका ११ जिल्लामा हाल ४० भन्दा बढी सार्वजनिक तथा सामुदायिक पुस्तकालय सञ्चालित छन्।

# जोमसोम खेलमैदान २५ वर्षपछि स्तरोन्नति

पोखरापत्र संवाददाता
म्याग्दी, ८ भदौ

मुस्ताङको जोमसोम खेलमैदान निर्माण भएको २५ वर्षपछि स्तरोन्नति भएको छ।

गण्डकी प्रदेश सरकारको 'एक स्थानीय तह, एक खेलमैदान' कार्यक्रमअन्तर्गत जोमसोममा रहेको खेलमैदानमा सेभेन ए साइड फुटबल सञ्चालन गर्न सकिने पूर्वाधार तयार पारिएको हो।

सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयले बिनियोजन गरेको रु १६ लाख बजेटबाट ६० मिटर लम्बाई र ५० मिटर चौडाई भएको खेलमैदान र पूर्वाधार निर्माण गरेको उपभोक्ता समितिका अध्यक्ष निकेश शेरचनले बताउनुभयो। "विसं २०५५ मा निर्माण भएको खेलमैदान स्तरोन्नति नहुँदा खेलकुद गतिविधि सञ्चालन गर्न समस्या भएको थियो", उहाँले भन्नुभयो "आर्थिक वर्ष २०८०/८१ मा प्रदेश सरकारले बिनियोजन गरेको बजेटबाट खेलमैदानलाई व्यवस्थित र पूर्वाधार तयार पारेर प्रयोगमा ल्याइएको छ।" एक सय १५ मिटर लामो र ७० मिटर चौडाई भएको खेलमैदानको सेभेन ए साइडको मापदण्ड अनुसारको भागमा माटो र बालुवा मिसाएर निर्माण गरिएको छ। डिलतर्फ तारजाली, खेलमैदानको वरपर नाली र प्रवेशद्वार निर्माण गरिएको अध्यक्ष शेरचनले बताउनुभयो।

जिल्ला खेलकुद विकास समितिको स्वामित्वमा रहेको उक्त खेलमैदान स्तरोन्नति भएपछि विद्यालय, क्लव र विभिन्न सङ्घ संस्थाले खेलअभ्यास तथा प्रतियोगिता सञ्चालन गर्न सहज भएको छ।

मुस्ताङबाट निर्वाचित गण्डकी प्रदेशसभा सदस्य विकल शेरचनले जिल्ला सदरमुकाममा व्यवस्थित खेलमैदानको आवश्यकता महसुस गरेर प्रदेश सरकारबाट योजना भित्र्याइएको बताउनुभयो। गण्डकी प्रदेश सरकारले गत आवमा 'एक स्थानीय तह, एक खेलमैदान' कार्यक्रमअन्तर्गत २५ वटा खेलमैदान योजना कार्यान्वयन गरेको थियो।

# पोखराको महेन्द्रपुलमा एप्पलको नयाँ आउटलेट

पोखरापत्र संवाददाता
पोखरा, ८ भदौ



पोखराको महेन्द्रपुलमा एप्पल कम्पनीको नयाँ आउटलेट सञ्चालनमा आएको छ।

भदौको पहिलो सातादेखि आउटलेट सञ्चालनमा आएको एप्पल कम्पनीको आधिकारिक विक्रेता जोय ग्रुपका प्रमुख कार्यकारी अधिकृत मेघराज आचार्यले जानकारी दिए।

जोय ग्रुपद्वारा काठमान्डौको न्युरोडमा संचालीत जोय स्टोर्सको नयाँ शाखाको रुपमा महेन्द्रपुलमा जोय स्टोर्स खुलेको हो। यो ग्रुपले एप्पल कम्पनीका आधिकारिक उत्पादनहरुमा उपभोक्ताहरुको सहज पहुँच होस भन्ने हेतुले सेवा विस्तार गरेको आचार्यको भनाई छ। जोयले राजधानी बाहिर पहिलो पटक पर्यटकीय राजधानी पोखराको महेन्द्रपुलमा आफ्नो शाखा विस्तार गरेको हो। जोय ग्रुपका निर्देशक गुरु शर्मा तथा अध्यक्ष साडर ढकालले हालै महेन्द्रपुल स्थित नयाँ आउटलेटको उद्घाटन गरेका छन्।

नयाँ आउटलेटमा आकर्षक अफरहरु सहित एप्पल कम्पनीका उत्पादनहरु बिक्री वितरण गरिने आचार्यले जानकारी दिएका छन्। बिक्रिका साथै मर्मत सम्भार तथा एसोसरिजहरुको पनि उपलब्धता रहेको जोय ग्रुपले जनाएको छ।

नयाँ आउटलेटबाट एप्पल कम्पनीका पाखरिहरुलाई भरपुर सन्तुष्टि मिल्ने विश्वास ग्रुपका प्रमुख कार्यकारी अधिकृत आचार्यले व्यक्त गरेका छन्।